आज मिति २०७५ साल माघ २२ गते मंगलवारका दिन यस व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १३ | श्री एकराज तिवारी | उपस्थित |
| उपसचिव | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कन्चन जि.सी. | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

# <u>मिति २०७५/१०/२२ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयहरु</u>

प्रस्तावहरु

१. आय व्ययको अर्धवार्षिक समीक्षा सम्बन्धमा ।
२. प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनको मस्यौदा सम्बन्धमा ।
३. व्यास नगरपालिका शिक्षा ऐन २०७५ सम्बन्धमा ।
४. विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका सम्बन्धमा ।
५. केशवटार मा.वि.को भौतिक विस्तारको सहयोगको लागि भारतीय दुतावासलाई सिफारिस गर्ने सम्बन्धमा ।
६. शौचालय सरसफाई सम्बन्धमा ।
७. स्थानीय कर सम्बन्धी कार्यान्वयन कार्ययोजना सम्बन्धमा ।
८. जिल्ला समन्वय  समितिको मौज्दात कोष सम्बन्धमा ।
९. महिला विकास, पशु विकास र कृषि विकासबाट पेश भएका कार्यक्रमहरुको सम्बन्धमा ।
१०. दमौली अस्पतालका बिरामीहरुको लागि निशुल्क खानाको दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
११. मेट्रिक ठेगाना प्रणालीमा आधारित घर नम्बरीङ गर्ने कार्यको रकम भुक्तानी सम्बन्धमा ।
१२. कार्यालयको बहुउद्देश्यीय भवनमा Air Conditioner जडान सम्बन्धी दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
१३. नारेश्वर खोलामा कृतिम ताल निर्माण योजनाको गुरु योजनाको प्रस्ताव स्वीकृत सम्बन्धमा ।

**<u>निर्णय नं.१</u>**: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा सम्बन्धित शाखाहरुबाट पेश हुन आएको यस नगरपालिकाको चालु आ.व. २०७५/०७६ को आय-व्ययको संक्षिप्त प्रतिवेदन उपर छलफल भयो । हाल प्राप्त हुन आएको यस संक्षिप्त प्रतिवेदनबाट हालसम्मको लक्ष्य हासिल भएको प्रगति र सिर्जना भएका थप आर्थिक दायित्वको सम्बन्धमा समीक्षा गरी एकिन गरी प्रतिवेदनमा उल्लेख भएका आर्थिक तथा कार्यगत तथ्यांङ्क एवं अभिलेखहरु पर्याप्त हुन नसकेको हुँदा यसपछि लगत्तै बस्ने कार्यपालिकाको बैठकमा चालु आ.व. २०७५/०७६ को अर्धवार्षिक अवधिसम्मको यथार्थ आय-व्यय शीर्षकगत रुपमा पेश गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२</u>**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५ को मस्यौदा उपर छलफल गरियो । सो सम्बन्धमा यस नगरपालिकाको आवश्यकता प्रकृति मुताविक आंशिक रुपमा केही दफा उपदफाहरुमा संशोधन गरी पारित गर्ने कार्यका लागि चौथो नगर सभामा पेश गर्न अन्तिम रुप दिनका लागि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३</u>**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको शिक्षा विधेयक, २०७५ को मस्यौदा माथि दफावार छलफल गरियो । प्रस्तावित केही दफा उपदफाहरुमा थप संशोधनहरु समेत गरी पारित गर्ने कार्यका लागि चौथो नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.४</u>**: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका २०७५ को व्यवस्था अनुरुप विपन्न नागरिकहरुको उपचारको लागि सिफारिस गर्ने गरी नगर प्रमुखज्यू अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सदस्य र स्वास्थ्य संयोजक सदस्य सचिव रहने गरी व्यवस्था भएको <u>सिफारिस समिति</u> मार्फत सम्बन्धित विपन्न नागरिकहरुको उपचारको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ५:</u>** प्रस्ताव नं ५ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका वडा नं.१४ मा अवस्थित श्री केशवटार मा.वि.को विद्यालय भवन निर्माणका लागि लाग्ने कूल लागत रु.२,५२,५७,३५४। रहेको र यस नगरपालिकाले उक्त लागतमा भवन निर्माण गर्न पूर्ण रुपमा नसक्ने हुँदा भारतीय राजदुतावासवाट संचालन हुने साना भौतिक विकास कार्यकम अन्तर्गत उक्त भवन निर्माणको लागि सहमति प्रदान गरी दिन संघीय मामिला

तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने र सो कूल लागतको २०% लागत न.पा.ले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा निर्मित व्यास नगरपालिका वडा नं. ३ अन्तर्गत रहेको हरि-स्यानु मार्गको किनारामा रहेको सार्वजनिक शौचालयको नियमित रुपमा सरसफाईको लागि मासिक रु.५०००। (अक्षेरुपी पाँच हजार रुपैयाँ मात्र) सम्म खर्च गर्ने गरी सरसफाईको आवश्यक व्यवस्था मिलाउन सरसफाई उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री तथा मन्त्री परिषद्को २०७५।४।२९ निर्णय अनुसार गठित समितिको प्रतिवेदन बमोजिम माननीय मन्त्रीस्तरको २०७५।१०।११ को निर्णय बमोजिम स्थानीय कर सम्बन्धी व्यवस्थाको विषयमा जानकारी भई सो विषयहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम रु.१ करोड (लागत साझेदारी बाहेक) बाट नगरपालिकाको वडा कार्यालय भवन निर्माण तथा स्तरोन्नति गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा महिला विकास कार्यक्रम, कृषि विकास कार्यक्रम र पशु विकास कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**: व्यास नगरपालिका अन्तर्गत रहेको दमौली अस्पतालका बिरामीहरुको लागि निशुल्क खाना खुवाउने सम्बन्धमा मिति २०७५।१०।३ गते मादीसेती प्रवाह राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित १५ दिने सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न तीन वटा व्यक्ति वा फर्मका दरभाउपत्रहरु मिति २०७५।१०।१८ गते विभिन्न कार्यालयका प्रतिनिधिहरु समेतको रोहवरमा मुचुल्का गरी खोलिएकोमा नगरपालिका कार्यालयले स्वीकृत गरेको न्युनतम प्रति व्यक्ति परिमाण मुल्यमा सबैभन्दा बढी रकम घटी दरभाउपत्र दर्ता गराउने श्री प्रमिला होटल व्यास २ तनहुँले कबोल गरेको रकम रु.३७५। अंक मात्रको दरभाउपत्र स्वीकृत गरी कार्य अगाडि बढाउन मनासिव देखिएको भनी मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकोले उक्त दरभाउपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**: व्यास नगरपालिका वडा नं.२, ३ र ४ मा मेट्रिक ठेगाना प्रणालीमा आधारित घर नम्बर पाता तथा सडक नाम पाता टाँस गर्ने सम्बन्धमा व्यास नगरपालिका कार्यालय र श्री अर्टोकार्टो कन्सल्ट प्रा.लि. ललितपुर बीच भएको सम्झौता बमोजिमका कार्यहरु सम्पन्न गरी अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्ने कार्य समेत सम्पन्न भएको हुँदा सम्झौता बमोजिमको अन्तिम किस्ता भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१२**: व्यास नगरपालिका कार्यालयको नवनिर्मित बहुउद्देश्यीय भवनमा Air Conditioner जडान गर्ने सम्बन्धमा श्री ब्लुफिन टेक्नोलोजिस् व्यास १ दमौलीबाट पेश हुन आएको रु.४,९५,७८७। (भ्याट समेत) को दरभाउपत्र स्वीकृत गरी कार्य सम्पन्न प्रतिवेदनका आधारमा रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१३**: व्यास नगरपालिका वडा नं.१० स्थित नारेश्वर खोलामा निर्माण सुरु गरिएको बहुउद्देश्यीय कृतिम ताल निर्माण योजनाको Conceptual Design and master plan तयार गर्ने सम्बन्धमा श्री जियो कन्सर्न नेपाल प्रा.लि. काठमाण्डौको रु.४,८९,२९०। को प्रस्ताव स्वीकृत गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।